नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी भक्तपुर

## रिक्त शिक्षक पदपूर्तिका लागि गरिएको खुला विज्ञापन सम्बन्धमा आयोगको सूचना

१. खुला प्रतियोगितात्मक परीक्षाद्वारा हुने रिक्त शिक्षक पदपूर्तिमा लिखित परीक्षाको जम्मा पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५ र समय ३ घण्टाको हुनेछ । ३ घण्टाको समयमध्ये वस्तुगत प्रश्नका लागि २० मिनेट र विषयगत प्रश्नका लागि २ घण्टा ४० मिनेट समय निर्धारण गरिएको छ । वस्तुगत र विषयगत दुवै परीक्षा Single sitting मा सञ्चालन हुनेछ । परीक्षाको सुरुमा वस्तुगत प्रश्नको प्रश्नपत्र दिइने छ । २० मिनेट समय पूरा भएपछि वस्तुगत प्रश्नपत्र फिर्ता लिई विषयगत परीक्षाको प्रश्नपत्र वितरण गरिनेछ ।

२. वस्तुगत तथा विषयगत प्रश्नहरु सोध्दा खुला विज्ञापनका लागि आयोगबाट पूर्व प्रकाशित पाठ्यक्रमले तोकेका सकेसम्म सबै विषयक्षेत्रहरु समेटिने छन ।

३. वस्तुगत प्रश्नको उत्तरका लागि उपयुक्त विकल्पमा रेजा चिन्ह (√) लगाउनुपर्ने छ । उत्तर दिंदा शिसाकलम प्रयोग गर्न पाइने छैन । कुनै परीक्षार्थीले शिसाकलम प्रयोग गरेको पाइएमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका मूल्याङ्कनमा समावेश गरिने छैन ।

४. निम्नमाध्यमिक र माध्यमिक तहका सबै विषयका परीक्षार्थीका लागि वस्तुगत प्रश्नहरु तहगत तथा जिल्लागत रुपमा एउटै हुनेछन् तर त्यसका लागि बहुसमूह (multiple set ) प्रश्नपत्रहरु प्रयोग गर्न सकिने छ ।

५. निम्नमाध्यमिक र माध्यमिक तहका सबै विषयका परीक्षार्थीका लागि वस्तुगत प्रश्नहरु र आधुनिक शैक्षणिक प्रविधि तथा खोजसम्बन्धी विषयगत प्रश्नहरु नेपाली भाषामा हुनेछन् । विषयसम्बन्धी ज्ञान र सीपसम्बन्धी प्रश्नहरु भाषा विषयका हकमा सम्बन्धित भाषामा र अन्य विषयका हकमा नेपाली भाषामा सोधिनेछ ।

६. भाषा विषयका परीक्षार्थीहरुले विषयसम्बन्धी विषयगत प्रश्नहरुको उत्तर दिंदा सम्बन्धित भाषामै दिनुपर्नेछ । भाषा विषयबाहेक अन्य विषयका परीक्षार्थीहरुले नेपाली वा अंग्रेजी भाषामा उत्तर लेख्न सक्नेछन् । यो व्यवस्था आधुनिक शैक्षणिक प्रविधि तथा खोजसम्बन्धी प्रश्नहरुको उत्तर लेख्ने सन्दर्भमा पनि लागू हुनेछ ।

७. दृष्टिविहीन र शारीरिक अपाङ्गता (दुवै हात नचल्ने) भएका परीक्षार्थीले सम्बन्धित जिल्ला शिक्षा अधिकारीको पूर्व स्वीकृतिमा आफूले छानेको सहयोगी लेखक राख्न पाउने छन् । सहयोगी लेखकको शैक्षिक योग्यता उम्मेदवारले दरखास्त दिएको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह तलको हुनुपर्नेछ । कुनै उम्मेदवारले तोकिएकोभन्दा माथिल्लो शैक्षिक योग्यता भएको सहयोगी लेखक राखेको कुरा पछि पुष्टि भएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

**परीक्षामा सोधिने प्रश्नहरुको विशिष्टीकरण तालिका निम्न अनुसारको हुनेछ**

| क. सं. | पाठ्यक्रमले तोकेका विषयवस्तुहरु | प्रश्नको किसिम | प्रश्न संख्या | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | शिक्षासम्बन्धी आधारभूत ज्ञान | वस्तुगत | १० X १ | १० |
| २ | संविधान, शिक्षासम्बन्धी ऐन तथा नियमावली | वस्तुगत | १० X १ | १० |
| ३ | विषयसम्बन्धी ज्ञान र सीप (प्राथमिक तहमा अध्यापन गरिने सबै विषयको र निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि आवेदन गरेको सम्बन्धित विषयको ज्ञान तथा सीपसँग सम्बन्धित प्रश्नहरु) | छोटो उत्तरआउने | ८ X ५ | ४० |
| | | समस्या समाधानमूलक (लामो उत्तर आउने) | २ X १० | २० |
| ४ | आधुनिक शैक्षणिक प्रविधि तथा खोज | लामो उत्तर आउने | २ X १० | २० |
| | | | **जम्मा पूर्णाङ्क** | **१००** |